स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



फिल्म 'किन लाग्छ माया'को पहिलो गीत सार्वजनिक गरिएको छ। सार्वजनिक 'धौले धनसार' बोलको गीतलाई लोक शैलीमा तयार पारिएको छ। पुष्कर सुनुवार, शान्तीश्री परियार र गोपाल ढकाल 'छन्दे'को यो गीतमा स्वर छ। डाक्टर अशाबहादुर तामाङको शब्द रहेको यो गीतमा पुष्कर सुनुवारको सङ्गीत छ। गीतको भिडियोलाई रामजी लामिछानेले कोरियोग्राफी गरेका हुन्।

**आजको विचार...**



आदेशले...
(दुई पेजमा)

रमेशप्रसाद तिमल्सिना



सौगात मल्ल र सृष्टि श्रेष्ठ लामो समयपछि पर्दामा एकसाथ फर्किदैंछन्। यी दुईजनाको सम्बन्ध सम्भावित विवाहसम्म पुगेको थियो। झन्डै ७ वर्ष यी दुईजना रिलेसनसिपमा बसे। ब्रेकअपपछि यी दुईबीच पर्दामा सहकार्य समेत भएन। पछिल्लो समय यी दुईबीच प्याचअप भएको चर्चा छ। यस्तोमा, यी दुईजनाको शीर्ष भूमिका रहेको फिल्म 'भाइरल गोर्खे' प्रदर्शन तयारीमा छ।

❒ वर्ष ३१ अंक १६६ ❒ २०८२ पुस २८ गते सोमबार 12 January 2026, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### विवाह समारोहमा ग्यास विस्फोट ८ को मृत्यु

(रासस/एपी)

**इस्लामाबाद,** पुस २७/पाकिस्तानको राजधानी इस्लामाबादमा एक घरमा आयोजना गरिएको विवाह समारोहपछि आइतबार बिहान ग्यास सिलिन्डर विस्फोट हुँदा दुलहा-दुलहीसहित कम्तीमा आठ जनाको ज्यान गएको छ । प्रहरी र सरकारी अधिकारीहरूले घटनाको पुष्टि गरेका छन् । इस्लामाबाद प्रहरीका अनुसार विवाहको रिसेप्सन सम्पन्न भएपछि दुलहा-दुलहीसहित पाहुनाहरू सोही घरमा सुतेका थिए । बिहान अचानक भएको विस्फोटका कारण घरको केही भाग भत्किँदा घटनास्थलमै आठ जनाको मृत्यु भएको हो । विस्फोटमा परी सात जना गम्भीर घाइते भएका छन् । उनीहरूलाई नजिकैका अस्पतालमा भर्ना गरिएको छ । प्रहरीले जारी गरेको विज्ञप्तिमा विस्फोट सहरको केन्द्रमा रहेको आवासीय क्षेत्रमा भएको उल्लेख गरिएको छ । घटनापछि सुरक्षाकर्मी, उद्धार टोली र दमकल विभाग तत्काल घटनास्थलमा पुगेर खोज तथा उद्धार कार्य सञ्चालन गरेका थिए । विस्फोटको असर नजिकैका केही घरहरूमा समेत परेको बताइएको छ । प्रारम्भिक रूपमा ग्यास सिलिन्डर चुहावटका कारण विस्फोट भएको आशङ्का गरिएको छ ।

# बुद्ध भगवानको जन्मबिन्दुको मौन साक्षी: 'जन्मस्मारक शिला'

हाम्रा संवाददाता/रासस

**लुम्बिनी,** पुस २७/मायादेवी मन्दिरको गर्भमा भेटिएको एक 'बलौटे ढुङ्गा'लाई केही वर्षअघि संसारसामु सार्वजनिक भएसँगै बुद्धको जन्मस्थलका बारेमा विश्वभर चलिरहेका सबै प्राज्ञिक बहसमा सदाका लागि 'पूर्णविराम' लाग्यो । आज त्यही ढुङ्गा शाक्यमुनि बुद्धको जन्मको निर्विवाद ऐतिहासिक साक्ष्यको रुपमा पुजित छ ।

सन् १९९२ देखि १९९५ सम्म लुम्बिनी विकास कोष, नेपाल सरकार र जापान बुद्धिस्ट फेडरेसनले संयुक्त रूपमा मायादेवी मन्दिरको जगसम्म पुगेर उत्खनन् गर्दा मन्दिरको भग्नावशेषभित्र, १५ तहका इँटाको सुरक्षात्मक घेरा (चेम्बर)भित्र त्यो प्राचीन ढुङ्गा विशेष रूपले सजाइएको अवस्थामा फेला परेको थियो । लुम्बिनी विकास कोष पुरातत्व महाशाखा प्रमुख हिमाल उप्रेतीले भने,



"यो ढुङ्गा ठ्याक्कै त्यही स्थानमा भेटिएको थियो, जसको मुनि इसापूर्व छैठौँ शताब्दीको काठको प्राचीन मन्दिरको अवशेष भेटिएको थियो ।" यसले बुद्धको समयदेखि नै यो स्थानलाई 'पवित्र' मानी पूजा गरिँदै आएको तथ्यलाई वैज्ञानिक रूपमै प्रमाणित गरिदिएको उनले बताए । उप्रेतीका अनुसार, "अशोक स्तम्भको शिलालेखमा उल्लेखित 'सिलाविगडाबीच' शब्दले पनि यसै 'जन्मस्मारक शिला' लाई सङ्केत गर्दछ ।" सत्तरी सेन्टिमिटर लम्बाइ र ४० सेन्टिमिटर चौडाइ भएको 'जन्मस्मारक शिला' लुम्बिनीकै माटोमा पाइएको स्थानीयको दाबी छ । लुम्बिनी र बुद्ध धर्मका अध्येता भोला गुप्ताका अनुसार तत्कालीन लुम्बिनीका बासिन्दाले त्यो ढङ्गा नजिकैको तेलार नदीबाट ल्याएर बुद्ध जन्मेको ठ्याक्कै विन्दुमा चिनोस्वरुप राखेर पूजापाठ गर्दै आएको र ईसापूर्व २४९ मा सम्राट अशोकले लुम्बिनी भ्रमणका बेला देखेर त्यो ढुङ्गालाई सोही ठाउँमा विधिवत् स्थापना गरी पूजापाठ गरेका थिए । "बुद्ध जन्मस्मारक शिला केवल एउटा ढुङ्गाको टुक्रा मात्र नभइ लुम्बिनीको अस्तित्वको आधार पनि हो" लुम्बिनी बचाउ महाअभियानका संयोजक अकरम खाँले भने,"इसापूर्ब छैठौँ सताब्दीमा मायादेवी मन्दिरभित्र बुद्धको जन्मस्थानमा स्थापित यो ऐतिहासिक बुद्ध जन्मस्मारक शिला नभेटिएको भए विश्वले अझै पनि बुद्धको जन्मविन्दु खोजिरहनुपर्ने अवस्था हुन्थ्यो ।" यो बुद्ध जन्मस्मारक शिलाको अध्ययन र उत्खननले प्राचीन ग्रन्थहरूको व्याख्यालाई बलियो आधार दिएको उनको भनाइ छ । जन्मस्मारक शिलामुनिको माटो परीक्षण गर्दा त्यहाँ कुनै पनि मानवीय गतिविधिको अवशेष नभेटिएको हुँदा यसले प्राचीन ग्रन्थ 'ललितविस्तर' मा उल्लेख भए झैँ लुम्बिनी एक शान्त, स्वच्छ तथा रमणीय 'वाटिका' नै थियो भन्ने कुरालाई वैज्ञानिक रूपमा पुष्टि गरेको छ । लुम्बिनीको पुरातात्विक उत्खननमा महत्वपूर्ण भूमिका निर्वाह गरेका वरिष्ठ पुरातत्वविद् कोषप्रसाद आचार्यले आफ्नो लेख 'द मार्कर स्टोन: द एक्ज्याक्ट बर्थप्लेस अफ लार्ड बुद्ध' र 'सबैभन्दा पुरानो बौद्ध तीर्थस्थल: बुद्धको जन्मस्थल लुम्बिनीको उत्खनन (२०१३)' मा यो 'जन्मस्मारक शिला' सम्राट अशोक लुम्बिनीको तीर्थाटनमा हुनुभन्दा अघिदेखि नै सोही स्थानमा रहेको दाबी गरेका छन् । दुर्हम विश्वविद्यालयका प्रा.राबिन कनिङघमले 'द आर्किओलोजी अफ साउथ एसिया: फ्राम द इन्डुस टु अशोका' लगायतका शोधपत्रमा मार्कर स्टोनमुनि भेटिएका काष्ठ संरचनाका अवशेषहरूको अध्ययनका आधारमा ईसापूर्व छैठौँ शताब्दीभन्दा अघि नै त्यहाँ धार्मिक संरचना रहेको दाबी गर्दै यसलाई विश्वकै सबैभन्दा पुरानो बौद्ध स्मारकका रूपमा व्याख्या गरेका छन् ।

-बाँकी अन्तिम पेजमा...

# लाखौं फ्यानलाई रुवाएर गए प्रशान्त तामाङ



**पाल्पा,** पुस २७/सुरिलो स्वरका धनी प्रशान्त तामाङले लाखौं फ्यानलाई रुवाएर कहिल्यै नफर्किने बाटोमा गएका छन् । इन्डियन आइडल विजेता तामाङको ४२ वर्षको उमेरमा हृदयघातका कारण आइतबार विहान निधन भएको छ ।

हृदयघात भएर नयाँ दिल्लीको द्वारकास्थित एक अस्पतालमा पुऱ्याउँदा अस्पतालले उनलाई मृत घोषणा गरेको हो । उनी दिल्लीमै थिए । निधनअघि उनलाई कुनै गम्भीर स्वास्थ्य समस्या वा असहजता देखिएको थिएन । ४ जनवरी १९८३ मा पश्चिम बंगालको दार्जिलिङमा जन्मिएका तामाङले साधारण पृष्ठभूमिबाट राष्ट्रिय स्तरको ख्याति हासिल गरेका थिए । सानै उमेरमा पिता गुमाएपछि परिवारको जिम्मेवारी सम्हाल्न उनले कोलकाता प्रहरीमा कन्स्टेबलका रूपमा सेवा थालेका थिए र प्रहरी ब्याण्ड (अर्केस्ट्रा) मा गीत गाउँथे ।

सन् २००७ मा इन्डियन आइडल सिजन-३ मा अडिसन दिएपछि उनको जीवनले नयाँ मोड लियो । अन्ततः प्रतियोगिता जित्दै उनले भारतभरि तथा विदेशमा रहेका लाखौं दर्शक-श्रोताको मन जितेका थिए । उनले गाएका थुप्रै नेपाली गीत चर्चित छन् । तामाङले नेपाली फिल्ममा अभिनय र गायन पनि गरेका छन् । नारायण रायमाझी निर्देशित फिल्म 'गोर्खापल्टन २' बाट उनले नेपाली फिल्मको अभिनयमा डेब्यू गरे । -बाँकी असन्तम पेजमा...

# काँग्रेस विशेष महाधिवेशन सुरु, उत्साहजनक सहभागिता

**काठमाडौं,** पुस २७/नेपाली काँग्रेसको विशेष महाधिवेशन आइतबारदेखि काठमाडौंमा सुरु भएको छ । विशेष महाधिवेशन पक्षधरद्वारा काठमाडौँको भृकुटीमण्डपमा महाधिवेशन सुरु भएको हो ।

विशेष महाधिवेशनको उद्घाटन महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माले गरे । उनीहरूले दियो बालेर र विरूवामा पानी हालेर महाधिवेशन उद्घाटन गरे । उदघाटन भएसँगै विशेष महाधिवेशन औपचारिक रुपमा सुरू भएको हो । उद्घाटनअघि ललितपुरको कुपण्डोल तथा काठमाडौंका सुन्धारा, रत्नपार्क, पद्मकन्या क्याम्पसचोक, शंकरदेव क्याम्पस र कमलपोखरीबाट भृकुटीमण्डपतर्फ कार्यकर्ताहरुले विशेष महाधिवेशनको पक्षमा नारा लगाउँदै ऱ्याली निकालेका



थिए । उद्घाटन सत्रका लागि भृकुटीमण्डपको खुला चौरमा बृहत् मञ्चको व्यवस्था गरिएको छ भने मञ्च अगाडि हजारौँ संख्यामा नेता तथा कार्यकर्ताको उपस्थिति रहेको छ । मञ्च वरिपरि कांग्रेसको झण्डा, गेट, ब्यानर तथा प्रचारप्रसारका सामग्री राखेर सजाइएको छ । विशेष महाधिवेशनको सभापतित्व कांग्रेस काठमाडौँका सभापति कृष्ण सबुज बानियाँले गरेका छन् । विशेष महाधिवेशनको उद्घाटनपछि बन्दसत्र आज सोमबार बिहानदेखि भृकुटीमण्डपको सभाहलमा हुनेछ । गत असोज २९ गते कांग्रेसका ५४ दशमलव ५८ प्रतिशत महाधिवेशन प्रतिनिधिको हस्ताक्षरसहित विशेष महाधिवेशन मागका साथ केन्द्रीय कार्यालयमा निवेदन दर्ता भएको थियो । विशेष महाधिवेशनलका सन्दर्भमा पार्टीको संस्थापन पक्षले भने असहमति जनाएको छ । पार्टीको संस्थापन पक्षले नियमित महाधिवेशनको तालिका तोकेर प्रक्रिया सुरु भइसकेकाले विशेष महाधिवेशनको औचित्य स्वत: समाप्त भइसकेको जनाएको छ । महाधिवेशनमा भाग लिन आउने महाधिवेशन प्रतिनिधिहरूको नाम दर्ताका लागि आठ वटा 'स्टल'बाट नाम दर्ता प्रक्रिया सञ्चालन गरिएको थियो छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

# सम्पादकीय

## समानुपातिक प्रणालीको सुधार गर

समानुपातिक प्रणालीले नेपालको विविधता र सीमान्तकृत समुदायको प्रतिनिधित्व सुनिश्चित गर्ने उद्देश्य बोकेको भए पनि व्यवहारमा यो दलका शक्तिशाली पात्र र पहुँचवालाको स्वार्थपूर्तिको माध्यम बन्दै गएको छ । प्रणालीको दुरुपयोग, आर्थिक लेनदेन र परिवारवादका कारण वास्तविक उत्पीडित वर्गको सहभागिता कमजोर भएको छ, जसले लोकतान्त्रिक मूल्य र जनविश्वासमा गम्भीर प्रश्न उठाएको छ । समानुपातिक प्रणालीको उद्देश्य सीमान्तीकृत वर्गलाई राज्यको मूलप्रवाहमा समेट्ने हो । प्रत्यक्ष निर्वाचनबाट मात्रै प्रतिनिधित्व सुनिश्चित नहुन पनि सक्ने भएकाले समानुपातिकको ढोका खोलिएको हो । महिला, दलित, जनजाति, मधेसीलगायत समुदायमात्रै होइन, खस आर्यसमेतको प्रतिनिधि जनसांख्यिक हिसाबले नीति निर्माण तहमा हुनुपर्छ भन्ने हेतु यो प्रणालीले राखिएको हो । तर, यो प्रणालीको दुरुपयोग नेता र दलहरूले यतिसम्म गरे कि तिनकै कर्मले यसलाई बदनाम बनाएको छ । महिला कोटामा नेताका श्रीमती र आफन्त, दलित वा मधेसी र जनजातिमा पनि त्यही वर्गका पनि सीमान्तीकृतको सट्टा पहुँचवाला वा नेताका नजिककाले अवसर पाउने गरेका छन् । यो अत्यन्त दुखद् हो ।

हालै निर्वाचन आयोगमा दलहरूले बुझाएको समानुपातिक उम्मेदवारहरूको सूचीमा पुरानै रोग पुनरावृत्त भएको छ । पुराना त पुराना भइहाले, नयाँ भनिएका दलहरूमा पनि नातावाद र आसेपासेवाद नै झल्कियो । उनीहरूले समानुपातिक उम्मेदवारमार्फत समानुपातिक प्रणालीको मात्रै होइन, संविधानले व्यवस्था गरेको समावेशी लोकतन्त्रको धज्जी उडाएका छन् । शीर्ष नेताहरू स्वयं, पटक–पटक राजनीतिक लाभ लिइसकेका नेता र तिनका आफन्तले प्राथमिकता पाएका छन् । दलहरूको सूची हेर्दा समानुपातिक प्रणाली जुन वर्ग र समुदायलाई संसद् हुँदै राजनीतिक मूलधारमा ल्याउनका लागि अपनाइएको थियो, त्यसको ठीक विपरीत प्रयत्न भएको देखिन्छ । समानुपातिकको सूची स्वयंमै भौगोलिक, सामुदायिक र वर्गीय दृष्टिकोणबाट असमावेशी रहेको भन्दै आलोचना भइरहेको छ । दलहरूमा सुधार आओस् भन्ने नागरिक अपेक्षा सधैं रहन्छ । जेन–जी आन्दोलनपछि भने सुधारका निम्ति चौतर्फी दबाब नै सिर्जना भएको थियो । आन्दोलन स्वयंमा दलहरूको मनोमानीपूर्ण र अभिमानी शैलीले सिर्जना गरेको असन्तुष्टिको परिणाम थियो । आन्दोलनको उथलपुथलपछि दलहरूको कार्यशैलीमा सुधार आउनेछ भन्ने ठानिएको थियो । तर दलहरूद्वारा आयोगमा बुझाइएको सूचीले त्यसलाई बल प्रदान गर्दैन । समानुपातिक प्रणाली आफैमा राम्रो भए पनि दलहरुले यसको दुरुपयोग गर्नु गलत हो । तसर्थ अब यो प्रणालीलाई सुधार गरेर लैजानु अहिलेको आवश्यकता हो ।

### Opinion @ Socia Network

सतह नमिलेको पृथ्वी मा,
मानिसको विचार नमिल्नु सामान्य नै हो ।
(सोमिया थापाको फेसबुक स्टाटसबाट www.facebook.com/Somiya.Thapa)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

नवजनचेतना दैनिकको रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# आदेशले होइन प्रणालीले चल्नुपर्छ लोकतन्त्र



**रमेशप्रसाद तिमल्सिना**

*लोकतन्त्र भनेको को सत्तामा छ ? भन्ने प्रश्नभन्दा सत्ता कसरी प्रयोग भइरहेको छ ? भन्ने विषय हो । कानुनले निर्देशित गर्ने शासन नै लोकतन्त्र हो, जहाँ व्यक्तिले होइन, प्रणालीले निर्णय गर्छ । त्यसैले लोकतन्त्र आदेश र निर्देशनमा होइन, नियम, प्रक्रिया र संस्थागत संयन्त्रमा आधारित हुनुपर्छ । यसको ठीकविपरीत निरंकुश शासनमा कानुन गौण हुन्छ र शासकको इच्छा सर्वोपरी हुन्छ । नेपालमा लोकतन्त्र स्थापना भएको दशकौं बितिसक्दा पनि शासनको व्यवहारमा निरंकुश मानसिकता अझै गहिरोसँग जीवित देखिन्छ । सरकार फेरिएलगत्तै प्रधानमन्त्री वा मन्त्रीले 'निर्देशन दिएका' समाचारहरू नियमित जस्तै बन्छन् । यो निकै दुःखको कुरा हो ।*

हिँड्दैछ पाइला मेट्दैछ भने झैं निर्देशन दिनेले नै बिर्सेर पुनः सोही विषयमा निर्देशन दिएका घटना बग्रेल्ती छन् । निर्देशन दिनुलाई बहादुरी ठान्ने शासक र प्रशासक रहेसम्म आमनागरिकलाई लोकतन्त्रको आभास हुँदैन । हरेक पटक झैं नयाँ सरकार आएपछिका निर्देशनका चाङलाई एकत्रित गरी राख्ने हो भने सिंहदरबारमा कर्मचारीले नै प्रवेश नपाउने सम्भावना छ । एकपछि अर्को निर्देशन । निर्देश दिनुलाई बहादुरी ठान्ने शासक र निर्देशनलाई बेवास्ता गर्ने प्रशासक यस्तै–यस्तैमा घुमिरहेको छ हाम्रो देशको लोकतन्त्र । लोकतन्त्रले दुष्ट र भ्रष्टाचारी निरंकुश शासकहरूको सरकार बन्ने कुरामा रोक लगाउन मद्दत गर्छ । आफ्ना नागरिकहरूलाई विभिन्न किसिमका मौलिक अधिकारहरूको प्रत्याभूति दिन्छ जुन कुरा अप्रजातान्त्रिक (निरंकुश) प्रणालीले प्रदान गर्दैन र गर्न सक्दैन । नागरिकहरूको व्यक्तिगत स्वतन्त्रता लोकतन्त्रले मात्र सुनिश्चित गर्छ । लोकतन्त्रले आमजनतालाई उनीहरूको आफ्नै मौलिक हितहरूको संरक्षण गर्न मद्दत गर्छ । लोकतान्त्रिक सरकारले मात्रै सबै व्यक्तिलाई आत्मनिर्णयको स्वतन्त्रता प्रयोग गर्ने अत्यधिक अवसर उपलब्ध गराउन सक्छ । जुन अरू कुनै पनि किसिमका सरकारले गर्न सक्दैन । त्यसैले अधिकारकर्मीहरू लोकतान्त्रिक व्यवस्थाको खुलेर समर्थन गर्ने र लोकतान्त्रिक व्यवस्थाको स्थापनार्थ आन्दोलित हुने गरेका हुन् । लोकतन्त्रको प्राण कानुनी शासन, आवधिक निर्वाचन र मानवअधिकार हुन् । यसको मूल आत्मा सत्ता व्यक्तिमा होइन, विधि, कानुन र संस्थामा निहित हुनु हो । लोकतन्त्र भनेको को सत्तामा छ ? भन्ने प्रश्नभन्दा सत्ता कसरी प्रयोग भइरहेको छ ? भन्ने विषय हो । कानुनले निर्देशित गर्ने शासन नै लोकतन्त्र हो, जहाँ व्यक्तिले होइन, प्रणालीले निर्णय गर्छ । त्यसैले लोकतन्त्र आदेश र निर्देशनमा होइन, नियम, प्रक्रिया र संस्थागत संयन्त्रमा आधारित हुनुपर्छ । यसको ठीकविपरीत निरंकुश शासनमा कानुन गौण हुन्छ र शासकको इच्छा सर्वोपरी हुन्छ । आदेश, निर्देशन र मौखिक हुकुम नै शासनका साधन बन्छन् । नेपालमा लोकतन्त्र स्थापना भएको दशकौं बितिसक्दा पनि शासनको व्यवहारमा निरंकुश मानसिकता अझै गहिरोसँग जीवित देखिन्छ । सरकार फेरिएलगत्तै प्रधानमन्त्री वा मन्त्रीले 'निर्देशन दिएका' समाचारहरू नियमित जस्तै बन्छन् । यो निकै दुःखको कुरा हो । कुनै मन्त्रालयलाई काम गर्न निर्देशन, कुनै निकायलाई रोक्न निर्देशन, कुनै निर्णय तत्काल कार्यान्वयन गर्न निर्देशन–मानौं कानुन र प्रक्रिया भनेको केवल सिफारिश जस्तोमात्र हो । यो लोकतन्त्र कमजोर पार्ने मूल तत्व हो । फटाफट संयन्त्रले काम नगरेसम्म लोकतन्त्रको प्रत्याभूत भएको मानिँदैन । लोकतान्त्रिक व्यवस्थामा मन्त्रालय, विभाग र संवैधानिक निकायहरू कानुन अनुसार स्वतः सञ्चालन हुनुपर्ने हो तर नेपालमा धेरैजसो अवस्थामा संस्थाहरू प्रधानमन्त्री र मन्त्रीको मुख ताकेर बसेको पाइन्छ ।

उदाहरणका लागि, कानुनले तोकेको जिम्मेवारी हुँदाहुँदै कुनै निर्णय लिन मन्त्रीको निर्देशन कुर्नुपर्ने अवस्था सामान्य बनिसकेको छ । यसले कर्मचारीतन्त्रलाई निष्क्रियमात्र बनाउँदैन, उत्तरदायित्वको संस्कार पनि नष्ट गर्छ । सरकार फेरिएपिच्छे नयाँ मन्त्री र प्रधानमन्त्रीले निर्देशन दिएका खबरले लोकतन्त्रलाई गिज्याइरहेको छ । जब निर्णय कानुनबाट होइन, निर्देशनबाट हुन्छ, तब गल्तीको जिम्मेवारी पनि कसैले लिँदैन । अर्को उदाहरण विकास आयोजनाहरूमा देखिन्छ । कानुन, योजना र बजेटको प्रक्रिया हुँदाहुँदै पनि 'प्रधानमन्त्रीको निर्देशनपछि काम सुरु भयो' भन्ने खबर आउँछ । यसले स्पष्ट देखाउँछ कि प्रणाली आफैं काम गरिरहेको छैन । यदि कानुन र प्रक्रिया सक्षम हुन्थे भने निर्देशन आवश्यक नै पर्ने थिएन । निर्देशन आवश्यक पर्नु नै प्रणाली असफल भएको संकेत हो । तर, नेपालमा यसलाई उपलब्धि झैं प्रस्तुत गरिन्छ, जुन लोकतान्त्रिक चेतनाको गम्भीर कमजोरी हो । शासक लामो सास फेर्दै भन्ने गर्छन् मैले निर्देशन दिएकाले यति काम भयो । लोकतान्त्रिक मुलुकमा यसभन्दा लज्जाको विषय अरू हुनै सक्दैन । निर्देशन र त्यसपछिको कार्यान्वयनको अभ्यास मूलतः चाकडी शैली हो, जहाँ काम कानुन, नीति वा संस्थागत प्रक्रियाभन्दा पनि व्यक्तिको आदेश र खुशीमा निर्भर हुन्छ । यस्तो प्रवृत्ति लोकतन्त्रको मर्मसँग पूर्णरूपमा विरोधाभासी छ । लोकतान्त्रिक शासन विधिमा आधारित हुन्छ न कि निर्देशनको प्रतीक्षामा बस्ने मानसिकतामा । जब कुनै प्रणाली निर्देशन पाएपछि मात्र चल्छ, त्यसले नागरिक जिम्मेवारी, संस्थागत स्वतन्त्रता र जबाफदेहिता सबैलाई कमजोर बनाउँछ । मुलुक उकालो लाग्न नसक्नुमा निर्देशन मानसिकता हावी हुनु हो । यसलाई बेलैमा आत्मसात गर्नु जरुरी छ । लोकतान्त्रिक व्यवस्थामा कार्यान्वयन स्वतःस्फूर्त रूपमा कानुन र नीतिबाट हुनुपर्छ । निर्देशन खोज्ने संस्कार भनेको अधिकारको दुरुपयोग र अधीनस्थ मानसिकताको उपज हो, जसले लोकतन्त्रलाई खोक्रो बनाउँछ । त्यसैले, निर्देशन–कार्यान्वयनको चाकडी शैली लोकतन्त्रमा एक इन्च पनि काम लाग्दैन । बरू यसले लोकतन्त्रलाई पछाडि धकेल्छ र शासनलाई व्यक्तिकेन्द्रित बनाउँछ । लोकतन्त्र टिकाउने हो भने निर्देशन होइन, कानुन, संस्थागत प्रक्रिया र नागरिक चेतनालाई केन्द्रमा राख्नैपर्छ । सरकार परिवर्तनसँगै नीति, प्राथमिकता र निर्णय प्रक्रिया नै फेरिनु पनि यही व्यक्तिकेन्द्रित शासनको परिणाम हो । आजको मन्त्रीको निर्देशन भोलि अर्को मन्त्री आएपछि अमान्य हुन्छ । दीर्घकालीन योजनाले निरन्तरता पाउँदैन, किनकि तिनको आधार कानुन होइन, व्यक्तिको सोच हुन्छ । यसरी लोकतन्त्र स्थिर शासन प्रणाली होइन, अस्थिर सत्ता अभ्यासमा सीमित हुन्छ । आवधिक निर्वाचन हुनु लोकतन्त्रको आधार अवश्य हो तर निर्वाचनमात्र लोकतन्त्र होइन । यदि निर्वाचित प्रतिनिधिले कानुनभन्दा माथि बसेर शासन गर्न थाले भने त्यो लोकतन्त्र होइन, निर्वाचित निरंकुशता हो । मानव अधिकार, कानुनी शासन र संस्थागत स्वतन्त्रता कमजोर हुँदा लोकतन्त्र केवल भाषण, घोषणा र पोष्टरमा सीमित रहन्छ । नेपालको मूल समस्या सरकार फेरिनु होइन, शासन गर्ने सोच नफेरिनु हो । प्रधानमन्त्री र मन्त्रीहरूले आफूलाई 'निर्देशन दिने मालिक' होइन, 'कानुन पालना गर्ने पहिलो नागरिक' ठान्नुपर्ने हो । कानुनले काम गर्न थालेपछि निर्देशनको आवश्यकता आफैं समाप्त हुन्छ । जबसम्म शासनप्रणाली व्यक्तिको इच्छामा निर्भर रहन्छ, तबसम्म लोकतन्त्र व्यवहारमा होइन, कागजमा मात्र बाँच्छ । साँचो लोकतन्त्र त्यति बेलामात्र स्थापित हुन्छ, जब सरकार परिवर्तन हुँदा पनि प्रणाली अडिग रहन्छ र कानुन निरन्तर बोलिरहन्छ । कानुनले प्रभावकारी रूपमा काम गर्न थालेपछि निर्देशनको आवश्यकता आफैं समाप्त हुन्छ भन्ने तथ्य लोकतन्त्रको मूल आत्मासँग गहिरो रूपमा जोडिएको छ । लोकतन्त्रमा शासन व्यक्तिको इच्छानुसार होइन, विधिको शासन अनुसार सञ्चालन हुन्छ । जब कानुन स्पष्ट, निष्पक्ष र सबैका लागि समान रूपमा लागू हुन्छ, तब नागरिक र संस्थाहरूलाई बारम्बार निर्देशन दिनु पर्दैन । कानुनले नै के गर्न हुने र के गर्न नहुने भन्ने सीमा तय गरिदिन्छ, जसले स्वेच्छाचार र मनपरीलाई रोक्छ । लोकतान्त्रिक व्यवस्थामा निर्देशनभन्दा कानुनी प्रक्रिया र संस्थागत उत्तरदायित्व महत्वपूर्ण हुन्छ । निर्देशनमुखी शासन प्रायः व्यक्ति वा शक्तिकेन्द्रमा निर्भर हुन्छ, तर कानुनमुखी शासन प्रणालीमा निर्णय र कार्यान्वयन प्रणालीमै आधारित हुन्छ । त्यसैले, कानुन सक्रिय र सक्षम भएपछि निर्देशनको स्थान स्वतः कानुनी दायित्व, नागरिक चेतना र संस्थागत अनुशासनले लिन्छ । यही अवस्था नै परिपक्व लोकतन्त्रको परिचायक हो, जहाँ शासन आदेशले होइन, कानुन र जनइच्छाले चल्छ । लोकतन्त्रको विकल्प भनेको उन्नत लोकतन्त्रमात्रै हो । राम्रो गर्नेलाई पुरस्कार नराम्रो गर्नेलाई तिरस्कार र लोकतन्त्रको लोकतान्त्रिक विकल्प नखोज्नेलाई बहिष्कार । यिनै हुन् लोकतन्त्रको सुन्दरता । तर, हाम्रो बुझाइ र गराइ हेर्दा लोकतन्त्र प्राप्तिका २० वर्षमा राजनीतिक नेतृत्व र नागरिकले यही काम चाहिँ बाँकी राखेका छन् । लोकतन्त्रलाई लिकमा हिँडाउन निर्वाचन गरिन्छ । निर्वाचनमा अभिव्यक्त जनमत लोकतन्त्रको प्राण हो । निर्वाचनलाई शक्ति परीक्षणको रूपमा मात्रै लिनु हुँदैन । जनमत लोकतन्त्रलाई बलियो र सुदृढ बनाउनका निमित्त प्रकट गरिएको अभिव्यक्तिका रूपमा बुझ्नुपर्दछ । निर्देशनको नागबेली फन्कोबाट कानुनी शासनको सिधा बाटोमा प्रणालीले काम गरेको दिन सही अर्थमा मुलुकमा लोकतन्त्रको अभ्युदय भएको मानिन्छ ।

*-इहिमालय टाइम्स डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : शुभ कार्यको चर्चा चल्नेछ । प्रेम सम्बन्धमा सामिप्यता बढ्नेछ । | **तुला** : आफन्तहरूबाट सहयोग मिल्नेछ। आयार्जनका नयाँ स्रोतहरू बन्नेछन् । |
| **वृष** : आहारविहारमा ध्यान पुऱ्याउनुहोस्। मनमा दुविधा हुँदाहुँदै कुनै निर्णय नलिनुहोला। | **वृश्चिक** : बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। आस देखाउनेहरूबाट सावधान रहनुहोला। |
| **मिथुन** : चिन्ताबाट मुक्ति मिल्नेछ । क्षमता प्रदर्शन गर्ने अवसर मिल्नेछ । | **धनु** : कार्यहरु सजिलै सम्पादन गर्न सकिनेछ । धर्मकर्ममा मन जानेछ । |
| **कर्कट** : आफन्तहरूसँग मेलमिलाप बढ्नेछ । प्रेममा धोखा मिल्न सक्छ । | **मकर** : माननीयहरूको सहयोग मिल्नेछ। दिगो कार्यको जग बसाउने समय छ । |
| **सिंह** : सुविधामा धन खर्चका योग छन्। धेरै बोल्ने बानीले समस्या निम्त्याउनेछ। | **कुम्भ** : सामाजिक कार्यमा सफलता मिल्नेछ। दाम्पत्य जीवन सुमधुर रहनेछ। |
| **कन्या** : मनमा हर्ष र उत्साह जाग्नेछ। प्रतिस्पर्धामा सफलता मिल्नेछ । | **मीन** : सन्तानको प्रगतिले मन उत्साहित रहनेछ। कार्यको प्रशंसा हुनेछ । |

## शिक्षा

# विदेशी सम्बन्धन : कागजी नीति कि शासकीय चरित्र ?

**डा. प्रल्हाद कार्की**

नेपालको उच्च शिक्षा क्षेत्रमा विदेशी विश्वविद्यालयको सम्बन्धनमा सञ्चालित कलेजहरूमाथि सरकारले चालेको नियामक सक्रियता यतिबेला चर्चाको केन्द्रमा छ । शुल्क संरचना, कार्यक्रमको पारदर्शिता, शैक्षिक गुणस्तर, विद्यार्थी सुरक्षा र नियमनको अनिवार्य पालना जस्ता विषयमा मन्त्रालयले देखाएको कडाइको संकेत सकारात्मक छ । वर्षौंदेखि वैदेशिक सम्बन्धनका नाममा कतिपय शैक्षिक संस्थाहरूले पारदर्शी मापदण्ड मिच्दै शिक्षालाई केवल व्यापारिक स्वार्थमा केन्द्रित गरेको आलोचना भइरहेका बेला यो कदम आवश्यक पनि थियो । तर, यहाँ उठ्नुपर्ने मूल प्रश्न नियमको कठोरतामा मात्र सीमित छैन । प्रश्न त के हो भने– के यो कडाइ नेपालको दीर्घकालीन राष्ट्रिय लक्ष्य, ज्ञान-स्वाधीनता र शैक्षिक गरिमासँग जोडिएको छ ? यदि यो नीति केवल समस्या नियन्त्रण गर्ने कागजी उपकरण मात्रै बन्यो भने यसको आयु र प्रभाव क्षणिक हुनेछ । तर, यदि यो राष्ट्रको भविष्य निर्माणको मार्गचित्रका रूपमा आएको हो भने यसको महत्त्व ऐतिहासिक ठहरिनेछ । पहिलो प्रश्न राष्ट्रिय उद्देश्यको हो ।

विदेशी विश्वविद्यालयसँगको शैक्षिक सहकार्य आफैँमा अनुचित होइनह तर त्यसले देशको प्राज्ञिक क्षेत्रमा के 'भ्यालु एड' गर्छ भन्ने कुरा स्पष्ट हुनुपर्छ । के यो कडाइले नेपाललाई ज्ञानमा आधारित स्वाधीन राष्ट्र बनाउन मद्दत गर्छ ? के यसले नेपालमा नभएको विशेष ज्ञान, अनुसन्धान क्षमता र नवीन प्रविधि भित्र्याउँछ ? वा केवल विदेशी 'ब्रान्ड' को चमक देखाएर महँगो डिग्री बेच्ने सीमित वर्गको व्यापारलाई मौलाउने ढोका मात्रै खोल्छ । उच्च शिक्षा मानव-स्रोत निर्माणको मेरुदण्ड हो । त्यसैले, यो निर्णय केवल नियमनको प्राविधिक विषय मात्र नभएर एक राष्ट्रिय रणनीतिक सोचको विषय बन्नुपर्छ । हाम्रो विगतको अनुभवले भन्छ- धेरै विदेशी सम्बन्धन प्राप्त कार्यक्रमहरूले नेपालकै विश्वविद्यालयहरूले पढाइरहेका व्यवस्थापन, सूचना प्रविधि र होटल व्यवस्थापन जस्ता विषयलाई नै विदेशी नाममा दोहोर्‍याइरहेका छन् । विदेशी ब्रान्डका नाममा शुल्क आकासियो, तर ज्ञानको गहिराइ र स्तरमा खासै भिन्नता देखिएन । के यस्तो 'फ्रेन्चाइज मोडेल' ले हाम्रो आवश्यकता पूरा गर्छ ? यदि विदेशी सम्बन्धनले नेपालमा नयाँ शोध परम्परा र उद्योग-शिक्षाबिचको खाडल पुर्ने विश्वस्तरीय अभ्यास भित्र्याउन सक्दैन भने त्यसको औचित्य के ? अब सरकारले 'भ्यालु एडिसन टेस्ट' लाई अनिवार्य बनाउनै पर्ने देखिन्छ । विदेशी सम्बन्धनलाई साधारण व्यापारिक मोडेलबाट माथि उठाएर 'सेन्टर अफ एक्सिलेन्स' तर्फ डोर्‍याउनु नै अहिलेको प्रमुख चुनौती र आवश्यकता हो । नियामक कडाइको अर्को संवेदनशील पक्ष विद्यार्थीको भविष्य र सुरक्षा हो । नियम उल्लैन गर्ने कलेजमाथि कारबाही गर्दा त्यसको प्रत्यक्ष मारमा निर्दोष विद्यार्थी पर्नु हुँदैन । यदि कुनै कलेजको अनुमति खारेज हुन्छ भने त्यहाँ अध्ययनरत विद्यार्थीहरूको शैक्षिक भविष्य के हुन्छ ? के सरकारसँग 'टिच-आउट' योजना वा 'क्रेडिट ट्रान्सफर' हुने व्यवस्था र त्यसको सुनिश्चितता छ ? कलेजको व्यवस्थापकीय त्रुटिका कारण विद्यार्थीको सपना टुट्नु अन्यायपूर्ण हुन्छ । त्यसैले, सुधारका नाममा गरिने कडाइले विद्यार्थीलाई असुरक्षित होइन, बरु थप भरोसायुक्त भविष्यको ग्यारेन्टी दिनुपर्छ । यस बहसको सबैभन्दा गहिरो पक्ष भनेको जवाफदेहिता हो । यदि नियमविपरीत कम गुणस्तरका विदेशी विश्वविद्यालयलाई नेपाल भित्रिन दिइयो भने दोषी केवल कलेज सञ्चालक मात्र हुन् त ? कि ती फाइलमा हस्ताक्षर गर्ने र स्वीकृति दिने सरकारी अधिकारीहरू पनि ? नेपालमा प्रायः नियमको डन्डा कमजोर पक्षमाथि मात्र बर्सिने तर शक्तिसम्पन्न निकायहरू सधैँ उन्मुक्त रहने संस्कृति छ । यदि यो क्षेत्रमा पनि त्यही प्रवृत्ति दोहोरियो भने कडाइको अर्थ न्याय होइन, केवल 'सिलेक्टिभ पनिसमेन्ट' हुनेछ । मुख्य प्रश्न यहीँनेर छ- के सरकारले नियमविपरीत कार्य गर्ने कलेजसँगै, गलत निर्णय गर्ने आफ्ना अधिकारीहरूलाई पनि कानुनी कठघरामा उभ्याउने साहस गर्छ ? लापरबाही, राजनीतिक प्रभाव वा व्यक्तिगत स्वार्थका आधारमा मापदण्डविपरीत सम्बन्धन दिनु केवल प्रशासनिक त्रुटि होइन, यो त शासन-अनुशासनकै गम्भीर विचलन हो । जबसम्म निर्णयकर्ताहरूलाई जबाफदेही बनाइँदैन, तबसम्म शिक्षा क्षेत्रमा उत्तरदायित्वको संस्कृति विकास हुन सक्दैन । यदि सरकारले कलेज र नियामक निकाय दुवैलाई समान रूपमा कानुनको दायरामा ल्यायो भने मात्र नियमनको वास्तविक अर्थ रहन्छ । यसले शिक्षा क्षेत्रमा डरको होइन, जिम्मेवारीको वातावरण निर्माण गर्छ र प्रणालीलाई व्यक्तिप्रधान होइन, संस्थागत बनाउँछ । अन्ततः, यो मुद्दा केवल शिक्षा नीतिको मात्र होइनह यो त शासनको चरित्र, राष्ट्रको गरिमा र विद्यार्थीको भविष्यसँग जोडिएको प्रश्न हो । नीति तब मात्र सफल हुन्छ, जब यसले राष्ट्रिय स्वार्थलाई केन्द्रमा राख्छ, विद्यार्थीको सुरक्षा सुनिश्चित गर्छ र कलेजदेखि सरकारी अधिकारीसम्म सबैलाई समान जबाफदेहिताको कसीमा जाँच्छ । सरकारको यो कदम केवल एउटा अर्को 'निर्देशिका' मात्र बन्छ वा ऐतिहासिक रूपान्तरणको प्रस्थानविन्दु ? यसको फैसला सरकारको आगामी व्यवहारिक निर्णयहरूले तय गर्ने नै छन् ।

*-रातोपाटी डटकम*



***विदेशी ब्रान्डका नाममा शुल्क आकासियो, तर ज्ञानको गहिराइ र स्तरमा खासै भिन्नता देखिएन । विदेशी सम्बन्धनलाई साधारण व्यापारिक मोडेलबाट माथि उठाएर 'सेन्टर अफ एक्सिलेन्स' तर्फ डोर्‍याउनु नै अहिलेको प्रमुख चुनौती र आवश्यकता हो । नियामक कडाइको अर्को सवेदनशील पक्ष विद्यार्थीको भविष्य र सुरक्षा हो । नियम उल्लैन गर्ने कलेजमाथि कारबाही गर्दा त्यसको प्रत्यक्ष मारमा निर्दोष विद्यार्थी पर्नु हुँदैन । यदि कुनै कलेजको अनुमति खारेज हुन्छ भने त्यहाँ अध्ययनरत विद्यार्थीहरूको शैक्षिक भविष्य के हुन्छ ?***

# अभिभावकले नै बनाउँछन् विद्यालयमा खाजा



स्याङ्जाको भीरकोट नगरपालिका-६ उजेलीडाँडामा रहेको भाग्योदय माध्यमिक विद्यालयका अभिभावकले विद्यालयमै उपस्थित भएर दिवा खाजा बनाउने गरेका छन् । नेपाल सरकारले बाल सिकाइदेखि कक्षा ६ सम्मका विद्यार्थीलाई निःशुल्क दिवा खाजा उपलब्ध गराएकाले अभिभावकले आलोपालो विद्यालयमा उपस्थित भएर खाजा बनाएर खुवाउने गरेका हुन् । विद्यालयमा बाल विकासदेखि कक्षा ६ सम्मका बालबालिकालाई दिवा खाजा पकाउनका लागि छुट्टै चमेना गृह सञ्चालन गरिएको विद्यालयका प्रधानाध्यापक रेशम खनालले बताए । "बाल विकासदेखि कक्षा ६ सम्म अध्ययन गर्ने विद्यार्थीलाई छ बार छ प्रकारका खाना बनाउनका लागि विद्यालयले एकजना भान्से नियुक्त गरेको छ", उनले भने, "एक जना भान्सेले मात्रै सबै विद्यार्थीलाई खाना बनाएर खुवाउन अप्ठ्यारो हुने भएकाले अभिभावकहरुले सहयोग गर्दै आएका छन् ।" विद्यालयले दिवा खाजाको व्यवस्थापनका लागि अभिभावकको भेला राखेर प्रत्येक दिन तीन जना अभिभावक विद्यालयमा उपस्थित भएर दिवा खाना, खाजा बनाउने निर्णय गरेसँगै अभिभावक नियमित आउने गरेको उनले बताए ।

विद्यालयले अभिभावकको नामावली सहितको तालिका बनाएर दिवा खाजा बनाउन अभिभावकलाई जानकारी गराउँदै आएको छ । बाल विकासदेखि कक्षा ६ सम्म अध्ययनरत बालबालिकालाई प्राप्त भएको दिवा खाजाबापतको रकमले खाजा खुवाउन पनि अपुग हुने भएकाले विद्यालयले आन्तरिक व्यवस्थापन गरी अघाउन्जेल खाना, खाजा खुवाउने गरेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष छायाराम खनालले बताए । "आइतबारदेखि शुक्रबारसम्म बालबालिकालाई बारअनुसार फरक फरक खाना, खाजाका परिकार बनाएर खुवाउँछौं," उनले भने, "अभिभावकहरूले आलोपालो विद्यालयमा उपस्थित भएर खाना, खाजा बनाएर सहयोग त गर्नुभएकै छ, त्यसको अलावा मासिक रुपमा रु २०० पनि खाजाबापतको रकम भुक्तानी दिनुहुन्छ ।" नमूना विद्यालयका रुपमा रहेको यस विद्यालयले विद्यालय परिसरमै पढ्दै कमाउँदै कार्यक्रमअन्तर्गत च्याउ, विभिन्न तरकारी र ड्रागन फ्रुटसमेत लगाएको छ । बाल विकासदेखि कक्षा ६ सम्म दैनिक एक सय ८५ बालबालिकाले खाना, खाजा खाने गरेका भान्से सरिता रेग्मीले बताए । "कुन बार कुन परिकार बनाउने भन्ने तालिका छ सोही अनुसार छुट्टाछुट्टै बार छुट्टाछुट्टै परिकार पकाउने गर्छौं", उनले भने, "धेरै जना विद्यार्थी हुँदा खाना बनाउन, खुवाउन समस्या हुने गरेकाले दैनिक तीन/तीन जना आलोपालो गरेर अभिभावक आएर खाजा बनाउने खुवाउने गर्छौं ।" सो विद्यालयमा बाल विकासदेखि कक्षा १२ सम्म पढाइ हुने गरेको छ । कक्षा ७ देखि १२ सम्मका विद्यार्थीका लागि खाजाका लागि विद्यालय परिसरमै छुट्टै चमेना गृहको व्यवस्था रहेको छ । *-रासस*

# त्रिविमा केन्द्रीय विभागको शुल्क विवाद



त्रिभुवन विश्वविद्यालय अन्तर्गत मानविकी तथा सामाजिक शास्त्र सङ्कायमा रहेका केन्द्रीय विभागहरूको शुल्क संरचना तथा निर्णय कार्यान्वयनमा ढिलाइ भएको विषयलाई लिएर अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन (क्रान्तिकारी) ले शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीलाई ध्यानाकर्षण गराएको छ । अखिल (क्रान्तिकारी) का केन्द्रीय उपमहासचिव तथा उपत्यका विशेष प्रदेश समिति इन्चार्ज निरोज श्रेष्ठको नेतृत्वमा गएको विद्यार्थी नेताहरूको टोलीले शुक्रबार सिंहदरबारस्थित मन्त्रालय पुगेर शिक्षामन्त्री तथा सहकुलपति महावीर पुनलाई औपचारिक ध्यानाकर्षण पत्र सहित अहिलेसम्म भएका सहमतिलगायतको दस्ताबेज बुझाएको हो । ध्यानाकर्षण पत्रमा त्रिवि मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गतका चार वटा केन्द्रीय विभागलाई त्रिवि सभाको निर्णय अनुसार केन्द्रीय विभागमा स्तरोन्नति गरिए पनि मनपरी शुल्क लिइँदै आएको उल्लेख गरिएको छ । साथै, मनपरी शुल्क अन्त्य गरी शुल्क घटाउने सहमति भएतापनि दोस्रो सेमेस्टर सुरु भइसक्दा समेत निर्णय कार्यान्वयन नभएको र पटक पटक आन्दोलन तथा वार्ता हुँदा पनि विश्वविद्यालय प्रशासन गम्भीर नबनेको आरोप लगाइएको छ । अखिल (क्रान्तिकारी) ले यसअघि शुल्क समायोजन, छात्रवृत्ति कार्यान्वयन तथा भौतिक पूर्वाधार व्यवस्थापनको माग गर्दै आन्दोलन गरेको स्मरण गराउँदै, आन्दोलनपछि भएको सहमति समेत कार्यान्वयन नगर्नु आपत्तिजनक भएको जनाएको छ । सङ्गठनले विश्वविद्यालय प्रशासनको उदासीनताका कारण विद्यार्थीहरू बाध्य भएर आन्दोलनमा जानु परेको स्पष्ट पार्दै, अब पनि माग सम्बोधन नगरे कडा सैर्षमा उत्रिन बाध्य हुने चेतावनी दिएको छ । अखिल (क्रान्तिकारी) ले शिक्षामन्त्रीमार्फत उपकुलपति समक्ष तत्काल हस्तक्षेप गरी सहमति कार्यान्वयन, शुल्क समायोजन तथा विद्यार्थी हितका निर्णयहरू यथाशीघ्र लागू गर्न माग गरेको छ । अखिल (क्रान्तिकारी)को केन्द्रीय उपमहासचिव तथा उपत्यका विशेष प्रदेश समिति इन्चार्ज निरोज श्रेष्ठ , क्याम्पस जिल्ला अध्यक्ष प्रदिप भण्डारी , त्रिभुवन विश्वविद्यालय जिल्ला अध्यक्ष दिनेश ऐर र उपाध्यक्षहरू शिवराज भट्ट र मनिष चौलागाँई लगायत ध्यानाकर्षण पत्र बुझाउन सिंहदरबार स्थित शिक्षा मन्त्रालय पुगेका थिए । अखिल ( क्रान्तिकारी) त्रिभुवन विश्वविद्यालय जिल्ला समितिको भदौ ११ गते भएको सहमति कार्यान्वयन नभएको भन्दै उपकुलपति , रजिस्ट्रार र रेक्टरको कार्यालयमा पौष १८ गते देखि तालाबन्दी छ । *-रासस*

# पाल्पामा नेपाली सेनाले मनायो पृथ्वी जयन्ती



**पाल्पा,** पुष २७/पाल्पामा नेपाली सेनाले ३०४ औं पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवस मनाएको छ । जिल्ला स्थित नेपाली सेना दि फेमस महेन्द्र दल गणले बृहत झाँकी प्रर्दशनीसहित पृथ्वी जयन्ती तथा एकता दिवस मनाएको हो ।

सैनिक-नागरिक सम्बन्ध सुमधुर बनाउन र राष्ट्रिय एकतालाई अझ बलियो बनाउने उद्देश्यसहित विभिन्न जातजाति, संस्कृति, रहनसहन र भेषभूषा झल्काउने झाँकी लिइ बजार परिक्रमा गरिएको थियो । पछिल्लो समय कमजोर बन्दै गएको राष्ट्रिय एकतालाई थप बलियो बनाउन नेपाली सेना र नागरिको सहभागितामा कार्यक्रम गरिएको हो । सैनिक नागरिक सम्बन्ध सुमुधुर बनाउने उद्देश्य सहित विभिन्न भेषभूषामा सजिएर झाँकी प्रर्दशन गरिएको दि फेमस महेन्द्र दल गणका गणपति प्रमुख सेनानी शान्त कुमार थापाले बताए । नेपाली सेनाका सकलदर्जा, पदिक, अधिकृतका साथै स्थानीय नागरिकहरुको स्वस्फूत सहभागितामा नेपालका विभिन्न जातजाति, कलासंस्कृति, रहनसहन र भेषभूषामा सजिएर सदरमुकाम तानसेन बजार परिक्रममा गरिएको थियो । नागपोखरी ब्यारेकबाट निस्केको नेपाली सेनाको टोली पञ्चेबाजासहित नाचगान गर्दै बसपार्क, क्याम्पस रोड, रणउजेश्वरी भगवती मन्दिर, निशान भगवती, पाल्पा दरबार संग्राहलय, श्री ७ अमरनारायण मन्दिर परिक्रम गरि पुन: ब्यारेक घर फर्किएर झाँकी विर्सजन गरिएको गणका सुबेदार प्रमुख जयप्रकाश बानियाँले जानकारी दिए । झाँकी प्रर्दशनी कार्यक्रममा पृथ्वी नारायण शाहकै भेषमा सजिएर उनकै झल्को मेटाउने प्रयास नेपाली सेनाले गरेको थियो । साथै शाहाको सम्मान स्वरुप फोटो फ्रेम सहित स्थानीय नागरिकको समेत उल्लेख्य सहभागिता थियो । साथै राष्ट्रिय एकता दिवसको अवसरमा नेपाली सेनाले बृहत फोटो प्रर्दशनी समेत गरेको छ । सेनाले नियमित गर्दै आएका गतिविधि, राष्ट्रिय गौरबका आयोजना, शान्ति मिसन स्थापनार्थ बाह्रय मुलकमा खटि गएका टोलीले गरेका कार्यसम्पादन झल्किने तस्बीरका साथै गणले विभिन्न कालखण्डमा गरेका ऐतिहासिक देखि प्राप्त गरेका सम्मान र पुरष्कारहरु समेत फोटो प्रर्दशनीमा राखिएका थिए ।

## बुद्ध भगवानको जन्मबिन्दुको...

...उनका अनुसार, उत्खननका क्रममा भेटिएका लुम्बिनीका भग्नावशेषले सम्राट अशोक आउनुभन्दा धेरै पहिलेदेखि नै यो स्थान एउटा महत्वपूर्ण धार्मिक केन्द्र रहेको प्रमाणित गर्दछन् । चिनियाँ तीर्थयात्री फा-हियान (सन् ४०३) र ह्वेन साङ (सन् ६३६) ले पनि आफ्नो यात्रा संस्मरणमा बुद्ध जन्मस्थलको विशेष चिह्न 'जन्म स्मारकशिला' बारे स्पष्ट उल्लेख गरेका छन् । स्थानीय बासिन्दाका लागि यो शिला उनीहरूको पुर्ख्यौली विश्वासको एउटा जीवन्त दस्ताबेज हो । मायादेवी मन्दिरका पुस्तैनी पुजारी स्व गङ्गाप्रसाद पाण्डेका छोरा एवं बौद्ध भिक्षु विवेकानन्दले भने, "हाम्रा पूर्खाले यहाँ केही पवित्र चिज छ भन्नुहुन्थ्यो, उत्खननका बेला जब त्यो शिला देखियो, तब हामीलाई कति पुण्य भूमिमा रहेका छौं भन्ने महसुस भयो ।" उनका अनुसार यो शिला केवल अनुसन्धानको विषय नभइ विश्वभरका बौद्धमार्गीको आस्थाको जीवन्त दस्तावेज हो । अहिले यो अमूल्य शिलालाई मायादेवी मन्दिरभित्र विशेष 'बुलेटप्रुफ' सिसाको बाकसमा सुरक्षित राखिएको छ । मन्दिरभित्रको आर्द्रता (ह्युमिडिटी) तथा हानिकारक ग्यासले शिलालाई क्षति नपुगोस् भनेर २४ सै घण्टा प्राविधिकहरुबाट निगरानी गरिन्छ । पुरातत्व विभागका अनुसार यसको सुरक्षा नेपालको मात्र नभइ सम्पूर्ण मानव सभ्यता र विश्व सम्पदाको संरक्षणका लागि एउटा ठूलो जिम्मेवारी हो । लुम्बिनी सांस्कृतिक नगरपालिकाकी कार्यकारी प्रमुख कल्पना हरिजनका अनुसार यो स्थानीयका लागि गौरवको सम्पदा हो । नगर प्रमुख कल्पनाले भनिन्, "ऐतिहासिक रूपमा, तत्कालीन लुम्बिनीवासीले बुद्धको जन्म विन्दुलाई सधैंका लागि पहिचानमा राख्न नजिकैको तेलार नदीबाट त्यो बलौटे ढुङ्गा ल्याएर चिनोका रूपमा राखेका थिए । जसलाई सम्राट अशोकले संरक्षण प्रदान गरे ।" बुद्ध जन्मस्मारक शिला बौद्धमार्गीको ऐतिहासिक आस्थाको भौतिक प्रमाण भएको बताउँदै लुम्बिनी विकास कोषका उपाध्यक्ष एवं बौद्ध भिक्षु डा ल्हारक्याल लामाले भने, "यो मौन शिलाले विगत २६ सय वर्षको इतिहासलाई सुरक्षित राखेर विश्वलाई शान्ति, सत्य र अहिंसाको मार्ग देखाइरहेको छ ।" उनका अनुसार प्राचीनकालमा हजारौं तीर्थयात्रीले यस पवित्र शिलालाई स्पर्श गरेर आशीर्वाद लिने गर्दथे ।

## लाखौं फ्यानलाई...

...'हिम्मत २' बाट पहिलोपटक नेपाली फिल्मको पार्श्वगायनमा काम गरे । त्यसयता उनले अँगालो मायाको, किन मायामा, धड्कन भित्र, निशानी, परदेशी को भाग १ र २ मा अभिनय गरे । दिल, अनमोल छन् र हिम्मत २ मा उनले पार्श्वगायन गरेका छन् । उनले सलमान खान स्टारर फिल्म 'ब्याटल अफ गलवान' बाट बलिउड डेब्यू गरेका थिए । यो फिल्मको छायांकन सकिएको छ र उनी डबिङको तयारीमा थिए । धेरै युवा अहिले स्टेजमा उभिनुअघि प्रशान्तलाई सम्झन्छन् । उनका लागि संगीत स्वरको अभ्यास मात्रै थिएन । नेपाली समुदाय, पहाड र पहाडी पहिचानको आवाज थियो । प्रशान्त पत्नी गीता थापा र छोरी आरियासँग बस्दै आएका थिए । उनीहरूले सन् २०११ मा नागाल्याण्डमा विवाह गरेका थिए । प्रसिद्धि र व्यवसायिक सफलतापछि पनि प्रशान्त परिवारप्रति गहिरो रूपमा समर्पित थिए । उनले आफ्ना प्रियजनलाई सधैं पहिलो प्राथमिकता दिने गर्थे र आफ्नो जीवनको बल र उद्देश्यको मुख्य स्रोतको रूपमा मान्थे । घरपरिवारसँगको सम्बन्धमा पनि उनी जिम्मेवार थिए । यी जिम्मेवार गायक पत्नी र छोरीलाई मात्रै हैन, लाखौं फ्यानहरुलाई रुवाएर सदाका लागि विदा भए ।

खेलकुद समाचार

## नेपालले अमेरिकालाई ४ विकेटले हरायो



**काठमाडौं,** पुस २७/आईसीसी महिला टी-२० विश्वकप ग्लोबल छनोटअघिको तेस्रो तथा अन्तिम अभ्यास खेलमा नेपालले अमेरिकालाई ४ विकेटले हराएको छ । अमेरिकाले दिएको १ सय ५८ रनको लक्ष्य नेपालले १९ ओभरमा ६ विकेट गुमाएर भेटायो । नेपालकी सम्झना खड्काले ४९, पूजा महतोले ४३ रन बनाइन् । अमेरिकाकी तारा नोरिस र लेखा सेट्टीले २/२ विकेट लिए । यसअघि माथिल्लो मूलपानी क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको अमेरिकाले २० ओभरमा ७ विकेट गुमाएर १ सय ५७ रन बनायो । अमेरिकाकी एला क्लारिजले ३९ रन बनाइन् । नेपालकी मनिषा उपाध्यायले २ विकेट लिइन् । यसअघिको दुई वटै अभ्यास खेलमा नेपाल पराजित भएको थियो । नेपाल पहिलो खेलमा अमेरिकासँग र दोस्रो खेलमा स्कटल्यान्डसँग पराजित भएको थियो । आजको तेस्रो अभ्यास खेलमा नेपालले जिम्बावेसँग खेल्ने तालिका भए पनि अन्तिम समयमा आएर टोली परिवर्तन भएको हो । आईसीसी महिला टी-२० विश्वकप ग्लोबल छनोट आउँदो माघ ४ गतेदेखि त्रिवि मैदान र माथिल्लो मूलपानी मैदानमा शुरू हुँदैछ । नेपालले समूह चरणका चार वटै खेल त्रिवि मैदानमा खेल्नेछ । १० वटा टोली सहभागी प्रतियोगिता माघ १८ गतेसम्म चल्नेछ । प्रतियोगितामा दुवै समूहबाट शीर्ष तीनमा पर्ने टोलीहरू 'सुपर-सिक्स' मा पुग्नेछन् । 'सुपर-सिक्स' बाट शीर्ष चार वटा टोली आउँदो वर्ष इङ्ल्यान्ड र वेल्समा हुने महिला टी-२० विश्वकपमा छनोट हुनेछन् ।


**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


अर्थ/कर्पोरेट समाचार

## एनसेलले ल्यायो जेनजी लक्षित 'युवा सिम'

Ncell

**पाल्पा,** पुस २७/एनसेलले जेनजी पुस्ताका सञ्चार आवश्यकतालाई लक्षित गर्दै आकर्षक स्टार्टर प्याक 'युवा सिम' सञ्चालनमा ल्याएको छ । एनसेलले विद्यार्थीलाई सुलभ शुल्कमा दूरसञ्चार सेवामा सहज पहुँच सुनिश्चित गर्न कम्पनीको यो प्याक ल्याएको हो ।

सन् १९९७ पछि जन्मिएका नेपाली नागरिकले तोकिएको प्रक्रिया पूरा गरी यो सिम अर्थात् प्याक लिएर यसको फाइदा लिन सक्छन् । शनिबारबाट सञ्चालनमा आएको यो प्याकको मूल्य करसहित मात्र २९९ मूल्य तोकिएको छ । प्याकमा अनलिमिटेड अन नेट (एनसेल-टु-एनसेल) कल सेवा, ५ जीबी डेटा, डिजिटल वालेट इसेवा र खल्तीको प्रयोगमा डेटा शुल्क नलाग्ने सुविधा तथा अनलाइन शिक्षण प्लेटफर्म'मेरो स्कुल' मा नि:शुल्क पहुँच उपलब्ध छन् । यी सबै सेवा सुविधा २८ दिनका लागि मान्य रहन्छन् । यसका साथै, ग्राहकले अफ-नेट (एनसेलबाट अन्य स्थानीय नेटवर्क) कलमा विशेष छुट प्राप्त गर्नेछन् । यसअन्तर्गत प्रतिमिनेट मात्र १ रुपैयाँमा कल गर्न सकिन्छ । त्यसैगरी २८ दिनको अवधिभित्र तोकिएको ५ जीबी डेटा प्रयोग भइसकेपछि पनि, ग्राहकले पे-एज-यू-गो डेटा सेवा प्रति एमबी ५० पैसामा निरन्तर प्रयोग गर्न सक्ने एनसेलले जनाएको छ । आकर्षक सेवा सुविधा बन्डल रहेको यो प्याकले युवालाई सधैं कनेक्टेड रहन सहयोग पुऱ्याउँदै विभिन्न अवसर र डिजिटल भविष्यसँग जोड्छ । यसमा एनसेलले सामाजिक सञ्जालमाथिको पहुँचलाई लक्षित गर्दै २४ घण्टासम्म मान्य १ जीबी डेटा मात्र रु. १९ प्रदान पनि गर्दछ जसबाट फेसबुक, टिकटक र इन्स्टाग्राम प्रयोग गर्न सकिन्छ । यसले युवाहरुलाई सामाजिक सञ्जालको वृत्तमा सधैं अपडेटेड रहन सहयोग पुऱ्याउँछ । युवा सिम लिन प्रयोगकर्ताहरूले नजिकको एनसेल सेन्टरमा गई आफ्नो नागरिकता वा ड्राइभिङ लाइसेन्सका साथै विद्यार्थी परिचयपत्र पेश गर्न पर्दछ ।


## उपभोक्ताको सूचना पाउने हक सुनिश्चित गरौं ।

-वस्तु तथा सेवा प्रदायकले आफ्नो उत्पादन/सेवाका बारेमा तथ्यपूर्ण जानकारी दिऔं।
-गुणस्तर, मूल्य, मात्रा, प्रयोगको अन्तिम म्याद, जोखिम तथा प्रयोग विधि सार्वजनिक गरौं।
-झुट्टा दावी, भ्रमपूर्ण प्रचार, अतिरञ्जित विज्ञापन नगरौं/नगराऔं।
-उपभोक्ता सचेतना कार्यक्रम सञ्चालन गरौं/गराऔं।
-उपभोक्ताको तथ्यपूर्ण सूचना पाउने हकको संरक्षण गरौं।
-उपभोक्ता हकको संरक्षणलाई सामाजिक जिम्मेवारीका रूपमा लिऔं।
-सबै वर्ग र समूदायका उपभोक्ताले सजिलै बुझ्ने भाषा, माध्यम र प्रस्तुति गरौं।
-अनुचित व्यापारिक क्रियाकलाप तथा उपभोक्ता छल्ने प्रवृत्तिको अन्त्य गरौं।
-उपभोक्तालाई मर्का परे उजुरी दिने लिने व्यवस्था मिलाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई